मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड
Mailung Khola Jal Vidhyut Company Limited
Company Reg. No.: 125838/071/072 | PAN: 301448981
Uttardhoka, Kathmandu, Nepal
Tel.: +977-1-4532372 | Email: mailung.mkjc@gmail.com | Web: www.mailungkhola.com.np

च.नं. /प्र.सं. २०८३/८४/०५८

मिति : २०८३/०६/१४

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
युगमाई शान्तिमार्ग,भद्रकाली काठमाडौं ।

विषयः हालै गएको विनाशकारी बाढी तथा प्राकृतिक विपतबाट परेको प्रभाव सम्बन्धी विवरण उपलब्ध गराइएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा त्यस नेपाल स्टक एक्सचेञ्ज लिमिटेडबाट पत्र संख्या २०८३/८४,च.नं.६१३,मिति २०८३/०६/०८ गते प्रेषित पत्र मार्फत नेपालमा हालै गएको विनाशकारी बाढी तथा प्राकृतिक विपतका कारण त्रिशुली तथा भोटेकोशी नदी आसपास संचालनमा रहेको जलविद्युत आयोजनाहरूको संरचना तथा अन्य भौतिक पूर्वाधारमा परेको क्षतिको विवरण उपलब्ध गराउन निर्देशन भए बमोजिम यस मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड को मैलुङ खोला हाईड्रोपावर प्रोजेक्टमा प्राकृतिक विपतका कारण परेको प्रभाव सम्बन्धी प्रारम्भिक विवरण देहायबमोजिम रहे भएको व्यहोरा अनुरोध छ ।

**क.प्रभावित आयोजनाको नाम र स्थान :**

यस मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेडको आयोजनाको नाम मैलुङ खोला हाईड्रोपावर प्रोजेक्ट,५मेगावाट हो र यस आयोजनाको स्थान जिल्ला रसुवा,उत्तरगया गा.पा.,वडा नं.१,मैलुङ दोभान, बागमती प्रदेश हो ।

**ख.प्राकृतिक विपतको मिति तथा प्रकृति :**

मिति २०८३/०५/१०गते आएको भोटेकोशी रसुवा बाढीका कारण यस आयोजनाको क्षेत्रमा प्राकृतिक विपतको अवस्था सिर्जना भएको हो ।

**ग.आयोजनामा भएको प्रारम्भिक भौतिक क्षति :**

हालै गएको विनाशकारी बाढी तथा प्राकृतिक विपतका कारण यस आयोजनाको विद्युत उत्पादन संरचनाहरु, विद्युतगृह, स्विचयार्ड (switchyard), आवासगृह, पहुँचमार्ग, प्रसारणसम्बन्धी तथा अन्य

MAILUNG KHOLA JAL VIDHYUT COMPANY LIMITED★ 2002

भौतिक पूर्वाधारमा प्रभाव परेको प्रारम्भिक रूपमा देखिएको छ। क्षतिको विस्तृत प्राविधिक मूल्याङ्कन कार्य भइरहेको छ।

**घ.विद्युत् उत्पादन बन्द वा प्रभावित भएको अवस्था :**

हालै गएको विनाशकारी बाढी तथा प्राकृतिक विपतका कारण २०८३/०५/१० गते देखि यस आयोजनाको विद्युत उत्पादन कार्य प्रभावित भए पछि बन्द भएको अवस्था रहेको छ।

**ङ.अनुमानित उत्पादन क्षमता प्रभावित भएको परिमाण :**

यस आयोजनाको जडित क्षमता ५ मेगावाट रहेकोमा प्राकृतिक विपतका कारण आयोजनाको ५मेगावाट अर्थात् शतप्रतिशत उत्पादन क्षमता प्रभावित भएको अवस्था रहेको छ।

**च.मानव संसाधनमा भएको क्षति सम्बन्धी विवरण :**

हालै गएको विनाशकारी बाढी तथा प्राकृतिक विपतका कारण यस कम्पनीका ७(सात) कार्यरत कर्मचारी तथा कामदारहरू हाल सम्म पनि सम्पर्कबिहिन अवस्थामा रहेका छन्।

**छ.बीमा गरिएको वा नगरिएको अवस्था :**

यस आयोजनाका सम्बन्धित संरचना तथा सम्पत्तिहरूको बीमा भएको अवस्था रहेको छ।

**ज.बीमा कम्पनीलाई दाबी गरिएको अवस्था :**

यस कम्पनीले बीमा कम्पनीलाई प्रारम्भिक जानकारी गराइएको छ। क्षतिको विस्तृत मूल्याङ्कन पश्चात् बीमा कम्पनीसमक्ष आवश्यक दाबी प्रक्रिया अगाडि बढाइनेछ।

**झ.प्रारम्भिक वित्तीय प्रभाव :**

हालै गएको विनाशकारी बाढी तथा प्राकृतिक विपतका कारण यस आयोजनाको सम्पूर्ण उत्पादन क्षमता प्रभावित भई विद्युत् उत्पादन पूर्ण रूपमा बन्द भएको तथा आयोजनाका उत्पादन संरचना, भौतिक पूर्वाधार एवं सम्बन्धित सम्पत्तिमा समेत गम्भीर क्षति पुगेकोले कम्पनीको आम्दानी, नगद प्रवाह, सञ्चालन तथा समग्र वित्तीय अवस्थामा प्रत्यक्ष एवं उल्लेख्य प्रभाव परेको छ। क्षतिको विस्तृत प्राविधिक तथा वित्तीय मूल्याङ्कन कार्य सम्पन्न भएपछि वास्तविक वित्तीय क्षतिको यकिन विवरण निर्धारण गरिनेछ।

**ञ. आयोजना पुनः सञ्चालन हुन सक्ने अनुमानित समय :**

हालै गएको विनाशकारी बाढी तथा प्राकृतिक विपतबाट यस आयोजनामा पुग्ने पहुँचमार्ग बेत्रावती क्षेत्र देखिनै क्षति भएको तथा आयोजनाका संरचनामा व्यापक क्षति पुग्न गई सम्पूर्ण उत्पादन क्षमता प्रभावित भएकोले हाल आयोजना पुनः सञ्चालन हुन सक्ने निश्चित समय यकिन गर्न सकिने अवस्था छैन। क्षतिको विस्तृत प्राविधिक मूल्याङ्कन पश्चात मात्र पुनः सञ्चालनको सम्भावित समय निर्धारण गर्न सकिनेछ।

**ट. बैंक ऋण तथा ऋण सेवा क्षमतामा सम्भावित प्रभाव :**

हालै गएको विनाशकारी बाढी तथा प्राकृतिक विपतका कारण विद्युत उत्पादन तथा आम्दानीमा प्रत्यक्ष असर पर्न गएकोले आयोजनाको नगद प्रवाह तथा ऋण सेवा क्षमतामा समेत प्रभाव पर्ने देखिन्छ। यसको वास्तविक प्रभावको मूल्याङ्कन वित्तीय अवस्थाको थप अध्ययन पछि गरिनेछ।

**ठ. प्रसारण तथा वितरण पूर्वाधारमा परेको प्रभाव :**

यस आयोजनासँग सम्बन्धित प्रसारण लाइन, स्विचयार्ड(switchyard) तथा अन्य विद्युत पूर्वाधारमा भएको क्षतिको सम्बन्धमा प्राविधिक निरीक्षण तथा मूल्याङ्कन भइरहेको छ। सोको विस्तृत विवरण प्राप्त भएपछि जानकारी गराइनेछ।

**ड. कम्पनीको व्यवस्थापनले लिएको तत्काल कदम :**

हालै गएको विनाशकारी बाढी तथा प्राकृतिक विपतबाट प्रभावित संरचना तथा क्षेत्रको प्रारम्भिक निरीक्षण गरी कर्मचारी तथा प्राविधिक टोली परिचालन गरिएको छ। यस आयोजनाको सुरक्षा सुनिश्चित गर्ने, क्षतिको विस्तृत प्राविधिक मूल्याङ्कन गर्ने,बीमा दाबी अगाडि बढाउने, आवश्यक मर्मत तथा पुन:स्थापनाको योजना तयार गर्ने र विद्युत उत्पादन यथाशीघ्र पुन: सञ्चालन गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ।

अत: माथि उल्लिखित विवरणहरू हालसम्म प्राप्त भएको प्रारम्भिक जानकारी तथा मूल्याङ्कनका आधारमा उपलब्ध गराइएको व्यहोरा अनुरोध छ। यस आयोजनाको क्षतिको विस्तृत प्राविधिक तथा वित्तीय मूल्याङ्कन सम्पन्न भएपछि आवश्यक थप विवरणसमेत सम्बन्धित निकायलाई उपलब्ध गराइनेछ।

MAILUNG KHOLA JAL VIDHYUT COMPANY LIMITED 2002

भवदीय,

..................

विनय चिपालु

महाप्रवन्धक

**<u>बोधार्थ:</u>**

**श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।**